प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७८/०७९ मा प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा देहायका शिक्षण संस्थाहरुमा बिद्यार्थी भर्ना प्रकृया स्थगन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०७८।०८।२२ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, स्तर निर्धारण महाशाखाको च.नं १३२९, मिति २०७८।०८।२१ गतेको पत्रानुसार-"प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०७८।०७।१७ गते बसेको १८६औं बैठकको निर्णय नं १०९४ तथा परिषद् कार्यालयको मिति २०७८।०८।०६ गतेको निर्णय अनुसार परिषद् कार्यालयको मिति २०७८।०८।०७, च.नं १२१७ को पत्रबाट प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा शैक्षिक शत्र २०७८/०७९ को भर्ना प्रकृयाका लागि पठाइएको सूची मध्येका चिकित्सा शिक्षा आयोगको च.नं १८१ र १८९ मिति २०७८।०८।१० गतेको पत्रबाट राष्ट्रिय चिकित्सा ऐन २०७५ को दफा ४२ र चिकित्सा शिक्षा आयोगको मिति २०७७।०४।३० गतेको निर्णयको प्रतिकुल भएकोले त्यस्ता शिक्षण संस्थामा बिद्यार्थी भर्ना सम्वन्धी भएका सूचना रद्ध गर्न लेखि आएकाले संलग्न सूचीमा उल्लेखित १५ वटा संस्थाको हकमा अर्को सूचना नहुन्जेल सम्मका लागि प्रशिक्षार्थी भर्ना प्रकृया स्थगन गरी उक्त शिक्षण संस्थाहरुमा भर्नाका लागि आवेदन गरेका आवेदक प्रशिक्षार्थीहरुको हकमा आवेदन शुल्क फिर्ता दिने वा प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम संचालन गर्न अनुमति पाएका अन्य शिक्षण संस्थामा आवेदन गर्न चाहेमा समेत सहभागी हुन पाउने गरी व्यवस्था मिलाउनु हुन" भनी परिषद् कार्यालयको मिति २०७८।०८।२१ गतेको निर्णयानुसार लेखि आएको हुंदा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै बर्गीकृत (नि:शुल्क) छात्रबृत्ति कार्यक्रममा तल उल्लेखित शिक्षण संस्थालाई परीक्षार्थीले प्राथमिकिकरण गरेको भएमा उक्त शिक्षण संस्था हटाई सो पछिको शिक्षण संस्थालाई आधार मानी छनौट गरी भर्नाका लागि सिफारिश गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**शैक्षिक शत्र २०७८/०७९ का लागि प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा बिद्यार्थी भर्ना स्थगन गरिएका शिक्षण संस्थाहरु**

१. नोवेल मेडिकल कलेज टिचिङ्ग हस्पिटल प्रा.लि, मोरङ्ग
२. नेशनल मेडिकल कलेज, पर्सा
३. बि एण्ड बि नर्सिङ्ग कलेज, ललितपुर
४. नागरिक कम्यूनिटि टिचिङ्ग हस्पिटल प्रा, भक्तपुर
५. (NPI) नारायणी सामुदायिक हस्पिटल, चितवन
६. कलेज अफ मेडिकल साइन्स, चितवन
७. अल्का इन्स्टिच्यूट अफ मेडिकल साइन्स (अल्का हस्पिटल), ललितपुर
८. नेपाली सेना स्वास्थ्य बिज्ञान संस्थान, काठमाण्डौ
९. काठमाण्डौ मोडेल हस्पिटल, स्कुल अफ नर्सिङ्ग, काठमाण्डौ
१०. मनमोहन मेमोरियल इन्स्टिच्यूट अफ हेल्थ साइन्स, ललितपुर
११. ओम हेल्थ क्याम्पस, काठमाण्डौ
१२. मनिपाल कलेज अफ मेडिकल साइन्स, कास्की
१३. लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ्ग अस्पताल, तानसेन न.पा ११, पाल्पा
१४. देवदह मेडिकल कलेज एण्ड रिसर्च सेन्टर, रुपन्देही
१५. नेपालगञ्ज नर्सिङ्ग क्याम्पस, कोहलपुर, बांके

**नोट : उल्लेखित १५ वटा शिक्षण संस्थामा निवेदन दिएका आवेदकहरुलाई भर्ना प्रकृया शुल्क फिर्ता गरिदिनु हुन वा मिति २०७८।०८।०८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा उल्लेख भएका अन्य शिक्षण संस्थामा आवेदन फाराम गर्न चाहेमा सहभागी हुन पाउने गरी सहजीकरण गरिदिनु हुन अनुरोध छ ।**

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**